# किराती भाषाको समाजशास्त्र

**डा. तारामणि राई**

tara.rai@cdl.tu.edu.np

**लेखसार**

भाषा र समाज एकअर्काबिच अर्न्तसम्बन्धित विषय हुन् । त्यसैले कुनै पनि भाषा समाजभन्दा पर वा निरपेक्ष रहन सक्दैन । प्रस्तुत लेखमा किराती समाजमा किराती भाषामा कसरी प्रतिविम्बित भएर आएको छ भन्ने कुरालाई समाजशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यसका साथै गुणात्मक ढाँचामा संरचित यस लेखमा प्राथमिक एवम् द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरेर वर्णनात्मक, व्याख्यात्मक एवम् तुलनात्मक ढङ्गले व्यवस्थापन गरिएको छ । नेपाली भाषामा जस्तो किराती भाषामा व्याकरणिक कोटिका आधारमा आदरार्थी देखा पर्दैनन् । किराती भाषामा आदरार्थीका आधारमा कुनै किसिमको सोपान (hierarchy) वा तहगत संरचना रहेको पाइँदैन । केही भाषामा छिटफुट देखिए पनि ती भारोपेली भाषाको प्रभाव (Indospheric influence) का कारण हो । त्यसैगरी किराती भाषामा लैङ्गिक भेद रहेको पाइँदैन । त्यसैले स्त्री वा पुरुषका लागि किराती भाषामा छुट्टाछुट्टै लैङ्गिक वाक्य संरचना हुँदैन । यसले के प्रस्ट पार्छ भने किराती समाजमा भाषाकै कारणले विभेद देखिँदैन । अझ महिलाहरूलाई किराती मुन्दुममा उच्च स्थानमा राखिएको हुन्छ ।

**शब्दकुञ्जी** : भाषा, भाषाविज्ञान, मुन्दुम, लैङ्गिकता, सोपान ।

**विषय प्रवेश**

मानिसले भाषालाई कथ्य वा लेख्यका रूपमा अनवरत प्रयोग गर्दै आइरहेका छन् । भाषाको प्रयोगमा मानिसले गर्ने सामाजिक व्यवहार जोडिएर आउँछ । समाजमा संवाद, छलफल वा बहस गर्न भाषा अपरिहार्य हुन्छ । कुनै पनि समाज भाषामासमेत अभिव्यक्त हुने भएकाले सामाजिक सम्बन्ध वा संरचना

भाषामा अभिव्यक्त हुने गर्दछ (फिसम्यान, सन् १९७१, पृ.२१७) । भाषामा समाज पदार्पण हुने भएकाले भाषाको विशिष्ट किसिमको समाजशास्त्र हुन्छ । भाषाको प्रयोगमा सामाजिक संरचना वा व्यवहार देखिन्छ । भाषाको समाजशास्त्रलाई सैद्धान्तिकरण गर्दै फिसम्यान (सन् १९७२) ले दुईओटा तह हुने उल्लेख गरेका छन् । पहिलो तहअनुसार भाषा वर्णनात्मक समाजशास्त्र हो, जहाँ कसले कोसँग कहिले कहाँ के बोल्छ भन्ने कुराको अध्ययन हुन्छ । दोस्रो तहअन्तर्गत भाषाको बहुआयामिक समाजशास्त्र हो । बहुआयामिक समाजशास्त्रअन्तर्गत भाषा व्यवहारको विभिन्न तहको अध्ययन हो । तर उनको अध्ययनमा देखिएको अन्तराल (gap) लाई परिपूर्ति गर्ने गरी म्याक्के र हर्नबर्गर (सन् १९६६) ले चार तहको प्रारूप अघि सारे । भाषाको समाजशास्त्रको अध्ययनमा सूक्ष्म र व्यापक अध्ययनअन्तर्गत बृहद् सामाजिक व्यवहारको अध्ययन र राजनीतिक सन्दर्भसँग जोडेर हेर्नुपर्छ भन्ने धारणा विकास भयो ।

भाषा सापेक्षित कुरा हो । भाषा समाजभन्दा निरपेक्ष रहन सक्दैन । भाषामा नै विचार अभिव्यक्त हुन्छ । भाषामा विचार अभिव्यक्त हुन्छ भन्ने विषयको धारणा बिसौँ शताब्दीको मध्यतिर विकास भयो । त्यसअघि भाषालाई सामान्यतः ध्वनिविज्ञान, वर्णविज्ञान, कोशविज्ञानजस्ता आन्तरिक संरचनामा मात्र सीमित गरेर अध्ययन गर्ने परम्परा थियो । अमेरिकी भाषाशास्त्रीहरू एडवर्ड स्यापिर र बेन्जामिन ली होर्फले भाषिक सापेक्षतावाद (Linguistic relativity) को सिद्धान्त विकास गरेपछि नयाँ तरङ्ग सुरु भयो (मारियाना, सन् २००८, पृ.५७) । तर यो सिद्धान्त आलोचानरहित हुन सकेन । होर्फियन हाइपोथेसिस (Whorfian Hypothesis) का रूपमा समेत चिनिने यो सिद्धान्तलाई भाषिक निर्धारणवाद (Linguistic determinism) का रूपमा उन्नयन गरियो । यो सिद्धान्तको मूलभूत कुरा भनेकै मानिसका विचार (Thought) लाई भाषाले निर्धारण गर्छ भन्ने हो अर्थात् मानिसका सामाजिक एवम् सांस्कृतिक सम्बन्धका कुरा भाषा विना सम्भव छैन भन्ने हो । भाषाको अध्ययन अन्तरविषयक (Interdisciplinary) त्यति धेरै हुन सकिरहेको छैन । खासगरी समाज भाषाविज्ञानका दृष्टिकोणले अध्ययन भए पनि समाजशास्त्रीय दृष्टिकोणबाट पर्याप्त अध्ययन हुन सकेको छैन । किनकि यी दुई धारणा फरकफरक हुन् । जनिक्किका अनुसार पहिलो अवधारणाको रूपमा रहेको समाज भाषाविज्ञानले भाषिक चासोको सामाजिक घटना प्रस्तुत गर्छ भने दोस्रो अवधारणाको रूपमा रहेको भाषाको समाजशास्त्रले बृहद् भाषिक घटना (विषय) को सामाजिक चासो देखाउँछ (उद्धृत्, ढकाल, २०८०, पृ.४३) । समाजशास्त्रीय दृष्टिकोणबाट भाषाको अध्ययन त्यति धेरै हुन नसकिरहेको सन्दर्भमा किराती भाषाको समाजशास्त्रीय अध्ययन वाञ्छनीय देखिन्छ । यो लेखलाई मूलतः किराती भाषामा द्वितीय पुरुषमा आदरार्थीको प्रयोग, व्याकरणिक लिङ्ग प्रयोगको अनुपस्थितिमा मात्र सीमाबद्ध गरिएको छ ।

प्रस्तुत लेखलाई चार खण्डमा व्यवस्थित गरिएको छ । खण्ड (१) मा विषय प्रवेश दिइएको छ । खण्ड (२) मा अध्ययन विधिका बारेमा उल्लेख गरिएको छ । खण्ड (३) किराती भाषाको समाजशास्त्रका बारेमा चर्चा गरिएको छ भने खण्ड (३) को उपखण्ड (१) मा किराती भाषामा सामाजिक विभेद देखिँदैन भन्ने विषयवस्तुका बारेमा छलफल गरिएको छ । यसै खण्डको उपखण्ड (२) मा किराती भाषामा लैङ्गिक भेद पाईंदैन भन्ने बारेमा परिचर्चा गरिएको छ । त्यसैगरी यसैको उपखण्ड (३) मा किराती भाषामा समावेशिता पाइन्छ भन्ने विषयमा उल्लेख गरिएको छ । यस लेखको समग्र नतिजाका बारेमा गरिएको विश्लेषण एवम् विमर्शलाई खण्ड (४) मा समावेश गरिएको छ । खण्ड (५) मा यस लेखको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा तथ्य सङ्कलनका लागि आवश्यक आधारभूत र सहायक सामग्रीको सङ्कलन पुस्तकालय एवम् क्षेत्रकार्यबाट गरिएको छ । यहाँ प्राथमिक एवम् द्वितीयक स्रोतका रूपमा विभिन्न प्रकाशित पुस्तक एवम् अध्ययन प्रतिवेदन लिइएको

छ । प्राथमिक तथ्याङ्कका लागि बान्तावा (चन्दकुमार हतुवाली र सुवासचन्द्र राई) थुलुङ (चन्द्रकला राई र बलराम राई), तिलुङ (दान बहादुर राई), लुङ्खिम (अरुण राई), बायुङ (ज्ञान बायुङ राई), कोयी (युवराज राई), चाम्लिङ (छिला राई र रोशनी राई), खालिङ (अर्जुन राई), पुमा (ध्रुव राई), दुमी (तेजमाया राई), जेरुङ (नैन सेटाल्चो जेरुङ) आदिबाट भाषाको सूचना सङ्कलन गरिएको छ । भाषाको र समाज एवम् भाषाको समाजशास्त्रका सन्दर्भमा उल्लेख गरिएका पद्धति, प्रक्रिया र उद्देश्य आदिसँग सम्बद्ध विभिन्न विद्वान्हरूका अवधारणाहरू सैद्धान्तिक आधारका रूपमा उल्लेख गरिएको छ । यसका साथै विभिन्न धारणाहरूलाई वर्णनात्मक, तुलनात्मक र व्याख्यात्मक विधि अपनाएर विभिन्न शीर्षक र उपशीर्षकमा विश्लेषण गर्दै यो लेखलाई अन्तिम रूप प्रदान गरिएको छ ।

## विमर्श र नतिजा


किराती भाषा चिनियाँ-तिब्बती महाभाषा परिवारअन्तर्गत भोटबर्मेली भाषा परिवारको पूर्वी हिमाली भेगमा बोलिने भाषा हो । मूलतः राई, लिम्बू, कोइँच-सुनुवार र याक्खा समुदायले बोल्ने भाषाहरू किराती समूहभित्र पर्ने भए पनि हायु, बराम, सुरेल, जिरेल, थामी आदिले बोल्ने भाषाहरू पनि किराती भाषा नै मानिन्छ (राई, २०७४, पृ.९८) । पछिल्लो राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले किरात राई समूहभित्रका भाषाअन्तर्गत बान्तावा (वक्ता सङ्ख्या १३८००३), चाम्लिङ (८९०३७), कुलुङ (३७९१२), थुलुङ (२४४०५), साम्पाङ (२१५९७), खालिङ (१६५१४), वाम्बुले (१५२८५), बाहिङ/बायङ (१४४४९), याम्फू (१०७४४), नाछिरिङ (९९०६), दुमी (८६३८), मेवाहाङ (७४२८), पुमा (६७६३), आठपहरिया (५५८०), दुङमाली (५४०३), कोयी (४१५२), लोहोरुङ (३८८४), जेरो/जेरुङ (२८१७), छिन्ताङ (२५६४), छिलिङ (२०११), तिलुङ, (१९६९), लुङ्खिम (७०२), फाङ्दुवाली, (२४७), बेल्हारे (१७७) र साम (१०७) सहित २५ ओटा भाषा रहेको उल्लेख गरेको छ । किराती भाषाअन्तर्गत लिम्बू (३५०४३६), सुनुवार (३२७०८) याक्खा (१४२४) लगायत पर्छन् ।

किराती भाषाका आफ्नै विशेषताहरू रहेका छन् । मूलतः यो भाषा संरचनाका दृष्टिकोणले क्रियाविशेष भाषा (verbal langague) मानिन्छ । क्रियापदमा भाषाका मूलभूत विशेषताहरू वचन, पुरुष आदि देखा पर्छन् । तथापि किराती भाषाको समाजिक एवम् सांस्कृतिक मूल्य मान्यतासँग जोडेर हर्दा रोचक तथ्यहरू देखा पर्छन् ।

### किराती भाषामा सामाजिक विभेद

किराती भाषामा आदरार्थी सर्वनामको प्रयोग हुँदैन । भाषा पनि समाजभन्दा निरपेक्ष नहुने भएकाले भाषामा समाज देखा पर्छ अर्थात् भाषाको प्रयोगमा समाज प्रतिविम्बित भएको पाइन्छ । किराती भाषाको संरचना हेर्दा खसआर्य समुदायले बोल्ने नेपाली भाषाजस्तो तहगत संरचना देखिँदैन । खसआर्य समाजमा भाषामा नै सोपान (hierarchy) देख्न सकिन्छ; जसलाई रेखाचित्र १ मा पनि हेर्न सकिन्छ ।


**रेखाचित्र १**
नेपाली सर्वनामको तहगत संरचना




रेखाचित्र १ मा देखाइएअनुसार नेपाली भाषामा पाँच तहसम्मको आदरार्थी बुझाउने सर्वनामको संरचना देखिन्छ । सबैभन्दा माथि *मौसुफ* (दरबारीया भाषा पनि भनिने) त्यसपछि क्रमशः *हजुर, तपाइँ, तिमी, तँ* सर्वनामलाई तहगत रूपमा देख्न सकिन्छ । सर्वनामको यो सोपानले समाजलाई तहगत

रूपमा बुझ्न सिकाउँछ । तर अर्कातिर नेपालमा बोलिने भोटबर्मेली भाषाहरूमध्ये किराती भाषामा यस प्रकारका तहगत सर्वनाम पाइँदैनन्, जुन कुरा रेखाचित्र २ मा हेर्न सकिन्छ ।

**रेखाचित्र २**
किराती भाषाको सर्वनामको संरचना




रेखाचित्र २ मा रहेको किराती भाषामा पाइने सर्वनामका आधारमा आदरार्थीका तहगत सोपान (hierarchy) प्रयोग भएको देखिँदैन । बरु एउटै र सम्मान तह देखिन्छ (राई, सन् २०१५, पृ. ११५-११६) । किराती भाषामा कसले कति शिष्टतापूर्वक बोलेको छ भन्ने कुरा उसले प्रयोग गर्ने विनयभावमा प्रकट हुने गर्दछ । किनकि सर्वनाममै तहगत संरचना पाइँदैन । किराती भाषामा आफूभन्दा सानो या ठुलाका लागि एकै किसिमको सर्वनामको प्रयोग हुने गर्दछ । जस्तै- चाम्लिङ भाषामा *खाना* 'तिमी' शब्द आफूभन्दा ठुलो मान्यजनका लागि होस् या आफूभन्दा साना व्यक्तिलाई होस्, यही नै सर्वनामको प्रयोग हुने गर्छ । तालिका १ मा किराती भाषामा उपलब्ध भएका द्वितीय पुरुष सर्वनाम प्रस्तुत गरिएको छ ।

**तालिका १ :**
किराती भाषामा द्वितीय पुरुष

| **शब्द** | **नेपालीमा अर्थ** | **भाषा** |
|---|---|---|
| *खान्* | 'तिमी' | (आठपहरिया) |
| *खाना* | " | (चाम्लिङ) |
| *खान्ना* | " | (पुमा) |
| *खाना* | " | (बान्तावा) |
| *इन्* | " | (खालिङ) |
| *युगो* | " | (तिलुङ) |
| *गाना* | " | (थुलुङ) |
| *आन्* | " | (कोयी) |
| *आन्* | " | (कुलुङ) |
| *आनिमु* | " | (दुमी) |
| *आना* | " | (साम्पाङ) |
| *हेन्* | " | (याम्फु) |
| *अन्ना* | " | (लोहरूङ) |
| *हनानी* | " | (दुङ्माली) |
| *हानी* | " | (पाङदुवाली) |
| *खाना* | " | (मुगाली) |
| *खाना* | " | (छिलिङ्ग) |
| *उन्* | " | (वाम्बुले) |
| *खान* | " | (आठपहरिया) |
| *आन्* | " | (कुलुङ) |
| *ग्व* | " | (वाहिङ) |
| *हान्* | " | (छिन्ताङ) |
| *इने* | " | (जेरुङ) |
| *अना* | " | (मेवाहाङ) |
| *हेने* | " | (लिम्बू) |
| *गेइ* | " | (कोँइच-सनुवार) |
| *हाङन्हा* | " | (याक्खा) |

*स्रोतः किरात राई भाषाहरूको तुलनात्मक शब्दसङ्ग्रह (२०६२)*

उदाहरण १ मा देखाइएझैँ किराती भाषामा प्रयोग हुने द्वितीय पुरुष सर्वनाम हो । किराती भाषा भोटबर्मेली भाषा परिवारको मात्रै नभएर एकअर्काबिच नजिकका छिमेकी भाषा भएकाले पनि एकअर्काबिच तादत्म्यता राख्ने सर्वनाम प्रयोग भएको देखिन्छ । कतिपय भाषामा एउटै सर्वनामसमेत प्रयोग भएको देखिन्छ । जस्तै- चाम्लिङ, बान्तावा, मुगाली, छिलिङ्गमा तिमी सर्वनामका लागि *खाना* प्रयोग गर्ने गरेको देखिन्छ भने लोहोरुङले *अन्ना* प्रयोग गरेको देखिन्छ । अन्य भाषाका बिच पनि नजिकको ध्वनिवैज्ञानिक सम्बन्ध देखिन्छ ।

## किराती भाषामा लैङ्गिक भेद

किराती भाषामा व्याकरणिक कोटीका आधारमा लिङ्गीय भेद पाइँदैन । शब्दको तहमा

प्रायः जसो पुरुषजनित *<-पा >* प्रत्ययको प्रयोग भएको देखिन्छ भने महिलाजनित रूपिम *<-मा >* प्रत्ययका रूपमा आउने गर्छ । जस्तै- चाम्लिङ भाषामा *पा-पा* 'बाबु' *छादि-पा* 'ससुरा' *मा-मा* 'आमा' *छादि-मा*' सासू', कोयी भाषामा *पा-पा* 'बाबु' *त-पा* 'लोग्ने' *मा-मा* 'आमा' *त-मा* 'श्रीमती', बान्तावा भाषामा *पा-पा* 'बाबु' *को-पा* 'बाजे' *मा-मा*' आमा' *को-मा*' बजै' आदिको प्रयोग भएको देखिन्छ । तर अर्कातिर महिला र पुरुष दुवै जनाउनका लागि एउटै शब्द (lexicon) को पनि प्रयोग भएको देखिन्छ । जुन तालिका २ मा हेर्न सकिन्छ ।

**तालिका २**

भाइ वा बहिनी जनाउने शब्दहरू

| **शब्द** | **अर्थ** | **भाषा समूह** | **स्रोत** |
|---|---|---|---|
| *निछो वा निछा* | भाइ वा बहिनी | चाम्लिङ | रोशनी राई |
| *बक्चि* | भाइ वा बहिनी | कोयी | राई (सन् २०१५) |
| *ल्वाक्* | भाइ वा बहिनी | थुलुङ | चन्द्रकला थुलुङ राई |
| *वा* | भाइ वा बहिनी | दुमी | तेजमाया दुमी राई |
| *बक्चि* | भाइ वा बहिनी | जेरुङ | नैन जेरुङ |
| *निछा* | भाइ वा बहिनी | बान्तावा | सुवाश चन्द्र राई (स्रोतव्यक्ति) |
| *निछा* | भाइ वा बहिनी | लुङ्खिम | अरुण राई (स्रोत व्यक्ति) |
| *लअ्* | भाइ वा बहिनी | बायुङ | ज्ञान बायुङ राई (स्रोत व्यक्ति) |
| *व्या* | भाइ वा बहिनी | खालिङ | अर्जुन राई (स्रोत व्यक्ति) |
| *नुसा* | भाइ वा बहिनी | लिम्बू | भान्द्रिम (सन् १९८७) |

तालिका २ मा भएका शब्दहरूले भाइ वा बहिनीका लागि एउटा मात्र शब्द प्रयोग भएको पाइन्छ । यसले के देखाउँछ भने किराती भाषामा पुरुष वा महिला विशेष भन्ने हुँदैन । दाजु र दिदीका लागि छुट्टाछुट्टै शब्द प्रयोग हुने गरेको भए पनि भारोपेली भाषा परिवारअन्तर्गतको नेपाली भाषाको वाक्यमा व्याकरणिक कोटि (grammatical category) का आधारमा लिङ्ग चिन्हित भएर आउँछ । कुनै पनि वाक्य पुरुषका लागि हो कि महिलाका लागि हो भनेर सहजै थाहा पाउन सकिन्छ । जसलाई उदाहरण (१ क-ख) मा हेरौँ ।

(१) क) *राम पहाड गयो ।*
*सीता पहाड गइन् ।*

ख) *हरि बजार जाँदैछ*
*रीता बजार जाँदैछिन् ।*

उदाहरण (१ क) मा महिला र पुरुषका लागि फरकफरक क्रियापद प्रयोग भएका छन् । जस्तै- *राम* कर्ताका लागि क्रियापद *गयो* भन्ने आएको छ भने सीता कर्ताका लागि *गइन्* भन्ने क्रियापद आएको छ । त्यसैगरी उदाहरण (१ ख) मा *हरि* कर्ताका लागि *जाँदैछ* भन्ने क्रियापद आएको छ भने *रीता* कर्ताका लागि *जाँदैछिन्* भन्ने क्रियापद आएको छ । यसमा पुरुष कर्ता र महिला कर्ताका लागि फरकफरक क्रियापद आएका छन् । जसले लिङ्गको भेद व्याकरणिक कोटिमा रहेको देखाउँदछ । किराती भाषाका केही वाक्यहरू (२-९) हेरौँ ।

२) चाम्लिङ

क) *पारुहाङ खोलीडा पुसा*
'पारुहाङ जङ्गलमा गयो ।'

ख) *सुम्निमा खोलीडा पुसा*
'सुम्निमा जङ्गलमा गइन् ।'
(छिला राई)

३) तिलुङ

ख) *पारुहाङ साब्लुङमु खोइटे*
'पारुहाङ जङ्गलमा गयो ।'

ख) *सुम्निमा साब्लुङमु खोइटे*
'सुम्निमा जङ्गलमा गइन् ।'
(दानबहादुर राई )

४) कोयी

क) *पारु किम्बी खुचा*
'पारु घरमा गयो ।'

क) *सुम्निमा किम्बी खुचा*
'सुम्निमा घरमा गइन् ।'
(दानबहादुर राई)

५) थुलुङ

क) *पारु नेम् लस्ता*
'पारु घर गयो ।'

ख) *सुम्निमा नेम् लस्ता*
'सुम्निमा घर गइन् ।' (चन्द्रकला राई)

६) बान्तावा

ख) *पारु खिम्दा खाडा*
'पारु घरमा गयो ।'

ख) *सुम्निमा खिम्दा खाडा*
'सुम्निमा घरमा गइन् ।'
(सुवासचन्द्र राई)

७) दुमी

क) *पारु किम्बि खुचा*
'पारु जङ्गलमा गयो ।'

ख) *सुम्निमा किम्बि खुचा*
'सुम्निमा घरमा गइन् ।' (तेजमाया राई)

८) बायुङ

क) *पारुहाङ खिम लाता*
'पारुहाङ घर गयो ।'

ख) *सुम्निमा खिम लाता*
'सुम्निमा घरमा गइन् ।' ।
(ज्ञान बायुङ राई)

९) लुङखिम

ख) *पारुहाङ खुम खता*
'पारु घरमा गयो ।'

ख) *सुम्निमा खुम खता*
'सुम्निमा घरमा गइन् ।' (अरुण राई)

१०) खालिङ

ख) *पारुहाङ कम ख्योस्त्या*
'पारुहाङ घरमा गयो ।'

ख) *सुम्निमा कम ख्योस्त्या*
'सुम्निमा घरमा गइन् ।' (अर्जुन राई)

उदाहरण (२-१०) मा हेर्दा महिला या पुरुषका लागि एउटै किसिमका क्रियापद प्रयोग भएको देखिन्छ । जस्तै- चाम्लिङ भाषामा कर्ताका रूपमा पारुहाङ (पुरुष) र सुम्निमा (महिला) जे आए पनि क्रियापदमा *पुसा* 'गयो/गइन्' का लागि एउटै प्रयोग भएको छ । त्यसैगरी तिलुङ भाषामा *खोइटे* (पुरुष महिला दुवैका लागि), कोयी भाषामा *खुचा* (पुरुष महिला दुवैका लागि), थुलुङ भाषामा *लस्ता* (पुरुष महिला दुवैका लागि), बान्तावा भाषामा *खाडा* (पुरुष महिला दुवैका लागि), दुमी भाषामा *खुचा* (पुरुष महिला दुवैका लागि), बायुङ भाषामा *लाता* (पुरुष महिला दुवैका लागि), लुङ्खिम भाषामा *खता* (पुरुष महिला दुवैका लागि), खालिङ भाषामा *ख्योस्त्या* (पुरुष महिला दुवैका लागि) प्रयोग भएको देखिन्छ ।

## तथ्याङ्कको विश्लेषण

किराती भाषामा किराती समाज प्रतिविम्बित भएको देखिन्छ । नेपालमा बोलिने भारोपेली वा अन्य भाषा परिवारका भाषाहरूभन्दा विशिष्ट किसिमको देखिन्छ । किनकि आदरार्थीजस्ता कुरा भाषामा प्रकट नहुने भएकाले किराती समाजमा समेत त्यस किसिमको उचनिच वा मर्यादाक्रमको सोपान (hierarchy) देखिँदैन । उनीहरूको सामाजिक आमोदप्रमोदसमेत त्यही किसिमको हुन्छ ।


किरातीहरूले आफ्नो महान् चाड साकेला, चासोक तङ्नाम, तोषी, स्याँदर-पिदार वर्षमा दुईचोटि उधौली र उभौली (योनम धोनम) का रूपमा

मनाउँछन् । यी चाडहरू वैयक्तिक वा सीमित घरपरिवार वा आफन्तमा मात्रै नमनाएर सामुदायिक रूपमा मनाउँछन् । जहाँ कुनै पनि किसिमको सोपान हुँदैन । बरु वर्गविहीनता समुदायवादको आभाष मिल्छ (राई, २०७१) । यही कुरा नै भाषामा पनि प्रतीत भएको हुनुपर्छ । तर भाषाको प्रभावाका बारेमा विमर्श आवश्यक छ । मूलतः किराती भाषा आदरार्थीयुक्त भाषा होइन तर भाषा सम्पर्क (language contact) का कारण भाषामा बदलाव आउने भएकाले केही विशेषताहरू किराती भाषामा अन्य भाषाका प्रभाव देखिन थालेका छन् ।

नेपालमा भारोपेली, चिनियाँ-तिब्बती, आग्नेय, द्रविड तथा एकल भाषा कुसुन्डा गरी पाँचओटा भाषा पारिवारिक भाषाहरू बोलिन्छन् । यी भाषा परिवारमा विशेषगरेर भारोपेली (Indo-Aryan) भाषाको प्रभाव चिनियाँ-तिब्बती भाषा परिवारमा देखिन सक्छ र यसलाई भारोपेली प्रभाव (Indospheric influence) मानिन्छ । यसको ठिक उल्टो चिनीयाँ-तिब्बती भाषाको प्रभाव भारोपेली भाषामा पर्दा चिनियाँ-तिब्बती प्रभाव (Sinospheric influence) भनेर चिनिन्छ । यस किसिमको प्रभावका बारेमा जेम्स मेटिसफ (सन् १९९१) ले सांस्कृतिक एवम् भाषिक अर्न्तघुलनबाट जन्मने गरेको चर्चा गरेका छन् । भाषाका बिच देखिने पारस्परिक रूप (interface) रेखाचित्र २ मा हेर्न सकिन्छ ।

**रेखाचित्र २**

भारोपेली (Indospheric) र चिनियाँ-तिब्बती प्रभाव (Sinospheric influence)




भारोपेली प्रभाव (Indospheric influence) भाषाको प्रभाव किराती भाषामा देखिन थालेको छ । उदाहरणका लागि चाम्लिङ भाषा सबै क्षेत्रीय भेदमा नभएर खोटाङको साकेला र दिक्तेलको आसपासमा तपाईं या हजुरका लागि भनेर *खैनी* प्रयोग गरिएको हुन्छ भने <-*नि* > रूपिम तृतीय पुरुष बहुवचन (Third person plural) का लागि चिन्हित भएर आउँदछ । तर उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिकामा भने तपाईं, हजुर, तिमी, तँ सबैका लागि *खाना* सर्वनाम नै प्रयोग हुने गरेको छ । कोयी भाषामा त वृद्ध वा बुढापाकाले *आन्* (हजुर, तपाईं, तिमी र तँ) का लागि एउटै शब्द प्रयोग गर्छन् भने युवा पुस्ताले *आनँ* 'तँ, तिमी' र *आनी* 'हजुर, तपाईं' भनेर प्रयोग गर्न थालेका छन् । यसबाट युवा पुस्ता अलि बढी प्रभावित भएको भन्ने अर्थ लाग्छ । अन्य केही किराती भाषामा देखा परे पनि भारोपेली भाषाको प्रभावका कारणले देखिएका हुन् ।

आज संसारभरि नै लैङ्गिक विभेदको अन्त्य हुनुपर्छ भन्ने आवाज उठिरहेको छ । जैविक हिसाबले पुरुष र महिलाको संरचना फरक भए पनि सामाजिक व्यवहारमा हुने गरेको विभेद मानव सृजित हुन् । तर यही कुरा भाषामा कसरी देखिन्छ भन्ने चाहिँ निकै चाख लाग्दो हुन्छ । यसबारेमा सन् १९७० को सुरुको दशकतिर भाषाशास्त्री, मनोविद्हरूले भाषामा देखिने पुरुष र महिला बिचको भेदको अध्ययन गरे । यसमा लाकोफ (१९७५) मुख्य मानिन्छन् र उनले पुरुषको भाषाभन्दा महिलाको भाषा कमजोर हुन्छ भन्ने तथ्य उजार गरे । तर अर्का विद्वान् थोर्न (१९७५) ले महिलाको भाषा नै धेरै प्रभावशाली हुने कुरा बताए । यो कुरा भाषाको प्रयोग क्षेत्र वा अन्तरहृदय सुन्ने र भावना पोख्ने कुरासँग सम्बद्ध थियो । तर भाषाकै संरचनामा अर्थात् व्याकरणिक कोटिका आधारमा देखिने पुरुष र महिलाको फरक संरचनामा समेत समाज देखिने कुरा फरक विषय हो ।

नेपालमा बोलिने भोटबर्मेली भाषा परिवारअन्तर्गत किराती भाषामा व्याकरणिक कोटीका आधारमा लैङ्गिक भेद देखिँदैन । उदाहरणका रूपमा चाम्लिङ भाषाको क्रियापद *पुसा,* तिलुङ भाषामा

*खोइटे* ले 'गयो/गइन्' अर्थात् महिला र पुरुष दुवैका लागि एउटै शब्द प्रयोग हुन्छ । सामान्यतः पहिलो भाषा प्रयोगको प्रभाव दोस्रो भाषाको संरचनामा पर्दछ । त्यही कारणले किरातीहरूले नेपाली भाषा बोल्दा महिलाका लागि *गइन्, खाइन्* प्रयोग नगरी पुरुष र महिला दुवैका लागि 'गयो' नै प्रयोग गर्ने गरेको देखिन्छ । किनकि किराती भाषामा लैङ्गिक भेद गर्ने भाषाको संरचना नहुने भएकाले हो । सामाजिक रूपमा पनि महिला र पुरुष बिच खास भेद रहेको देखिँदैन । अझ मुन्दुमी भाषामा त महिलाहरूलाई उच्च स्थान प्रदान गरेको दृष्टान्त छ । जस्तै- सुम्निमा-पारुहाङ जहाँ महिलालाई पहिलो प्राथमिकतामा राखिएको छ । पारुहाङ-सुम्निमा भनिँदैन । त्यसैगरी तयामा-खियामा र रेचेकुप्पा वा रैछाकुले भनिन्छ । यसमा पनि महिला मिथकीय पूर्वजहरूको नाम सुरुमा अनि मात्र पुरुष पात्रको नाम उच्चारण गर्ने गरिन्छ । मुन्दुममा वर्णित अधिकांश मिथकीय पात्रहरू महिलाहरू हुने गरेको देखिन्छ र उनीहरूको भूमिकालाई विशेष महत्त्व दिइन्छ ।

यद्यपि पितृसत्तात्मक व्यवस्थाबाट नै अहिलेको समाज गुज्रिएको भए पनि आधारभूत रूपमा किराती समाजमा मातृसत्तात्मक व्यवस्थाको अवशेष अहिले पनि अद्यावधि देखिन्छ । महिला वा पुरुष विशेषका आधारमा विभेद देखिँदैन । किराती समाजमको विकास क्रम हेर्दा माङ (मातृसत्तात्मक), सामै (महिला र पुरुष समान) र पाछा (पुरुषप्रधानता) बाट विकसित भएको देखिन्छ (हार्तम्छाली, २०७१, पृ.९३-९८) । किराती भाषा समावेशी भाषा हो । समावेशितामा सहभागिताको कुरा आउँछ । वक्ताले बोल्दा श्रोता अर्थात् कसले सुनिरहेको छ भन्ने आधारमा वाक्यका संरचना बन्ने गर्छन् । आज मुलुकमा समावेशिता र लोकतन्त्रको कुरा उठिरहेको सन्दर्भमा किराती भाषालाई हेर्दा किराती भाषाको संरचनामा त्यो कुरा पाइन्छ ।

## निष्कर्ष

किराती भाषामा किराती समाजको अनुहार देख्न सकिन्छ । यसलाई समाजवादको द्योतक मान्न सकिन्छ । किनभने भाषाकै आधारमा प्रश्रय दिने सोपान (hierarchy) पाइँदैन । किराती भाषामा द्वितीय पुरुषमा आदरार्थी हुँदैनन् । यद्यपि छिटफुट रूपमा केही सीमित किराती भाषाहरूमा दुई तहको आदरार्थी शब्दहरू भए पनि यी मौलिक विशेषता भने होइनन् । त्यसैगरी किराती भाषामा लैङ्गिक भेद पाइँदैन । त्यसैले स्त्री वा पुरुषका लागि छुट्टाछुट्टै वाक्य संरचना बन्दैनन् । नेपाली भाषामा 'राम आयो र सीता आइन्' मा देखिएको क्रियापदमा रामका लागि *आयो* र सीताका लागि *आइन्*ले कुन पुरुष र कुन स्त्रीका लागि प्रयोग भएको हो भन्ने कुराको हेक्का मिल्छ । किराती भाषाले निर्माण गरेको सामाजशास्त्र विशेष किसिमको छ । भाषाकै कारणले कुनै सामाजिक विभेद देखिँदैन । महिला वा पुरुष विशेषका आधारमा विभेदको खाडल बनेको देखिँदैन । अझ महिलाहरूलाई किराती मुन्दुममा उच्च सम्मान गरिएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


किरात राई भाषा तथा साहित्य परिषद् (स.).(२०६२). *किरात राई भाषाहरूको तुलनात्मक शब्दसङ्ग्रह*. काठमाडौँ : किरात राई यायोक्खा ।

ढकाल, दुविनन्द (२०८०).समाज भाषाविज्ञान र भाषाको समाजशास्त्र. *समाज अन्वेषण*. १:१ पृ.४२-५२ ।

राई, तारामणि (२०७१).*साकेल्: कोयी मिथक, अनुष्ठान विधि र सिली*. काठमाडौँ : किरात कोयी/कोयू राई समाज ।

राई, तारामणि (२०७२). *मुन्दुममा महिला: भाषिक अध्ययन. सुम्निमा* १:१ पृ.४३-४७ ।

हार्तम्छाली, नारदमणि (२०७१). *किरात राई जातिको सुप्तुलुङ. किरात प्रज्ञा*- १:१, पृ.६०-६७ ।

Central Bureau of Statistics.(2021). *National Population and Housing Census* 2022 : National Report. Kathmandu : Central Bureau of Statistics.

van Driem, G. (1987). *A Grammar of Limbu.* Berlin : Müton de Gruter.

Fishman, J.A.(1971). The sociology of language: An interdisciplinary social science approach to language in society, in J.A. Fishman (ed.), *Advances in the Sociology of Language Vol I*, Mouton, The Hague, pp.104-117.

Fishman, J. A. (1972). The Sociology of Language', in The Sociology of Language: An Interdisciplinary Social Science Approach to Language in Society (Rowley, MA: Newbury House Publishers) pp.1-7.

Janicki, K. (2004). Sociolinguistics and sociology of Language. In: Handbook of Linguistics and communication science. Vol.1. (ed.) Herbert Ernts Wiengand. Berlin and Newyork : Mouton De Gruye. pp. 67-75.

Lakoff, R. L.(1975). *Women's Place*. New York : Harper and Row.

Lee, W. B. (1937). *Discussion of Hopi Language*. London : Oxford University Press.

Lihong, G. (2013). Language and Gender: Differences and Similarities. Paper presented at International al Hengxiang St. Baoding, Hebei Province, China

Mariana, V. (2008).Lignustic relativity and its theoretical and practical value at the time of the globalization.Santalka.*Filologija. Edukologija,*DOI: 10.3846/1822-430X. 2008.16.2.57–66

Matitisof, J. (1991). Sino-Tibetan Linguistics : present state and future prospects. *Annual Review of Anthropology.* 20 pp.489.

Nancy,H.H.&Sandra, L.M.(1999).Sociolinguistics and Language Education. Newyork : Multilingual Matters.

Neutspny,P.(1970). Basic treatment of language problems,*Linguistic Communications*. pp.77-78.

Rai, T.M. (2015). *A Grammar of Koyee*.PhD thesis. Tribhuvan University, Nepal.

Rai, T.M. &Budhathoki, M. (2008).A Documentation of the Koyee Language.Report Submitted to the NFDIN under Central Department of Linguistics, TU.

Thorne, B, &Nancy, H. (1975).*Language and Sex: Difference and Dominance.* Rowley: Newbury House.

■